# सुगिनामी वडाको बहुसांस्कृतिक सहजीवन तथा सहकार्यको आधारभूत नीतिहरु [मुख्य बुँदाहरुको संस्करण]

## -बहुसांस्कृतिक सहजीवन तथा सहकार्य सम्बन्धित सुगिनामी वडाको सोचाइ -

## लक्ष्य

वडाका सबै बासिन्दहरुले मानव अधिकारको सम्मान गरेर एकअर्काको संस्कृतिलाई पनि स्वीकार गर्दै ढुक्क भएर बस्न सक्ने समुदायको निर्माण गर्ने

### मुख्य बुँदा १

**एकअर्कालाई सम्मान गर्ने भावना जगाउने र त्यस्तो वातावरण सिर्जना गर्ने**

सुगिनामी वडा स्वायत्तताका आधारभूत अध्यादेश (सुगिनामी वडाको समुदाय निर्माणका नियमहरु) मा उल्लेख गरिएको "प्रत्येक बासिन्दाको मानव अधिकारको सम्मान" लाई साकार पार्ने लक्ष्य राख्दै एकअर्काको मानव अधिकारको सम्मान गर्ने भावना जगाउन काम गर्नेछौं।

कार्यान्वयन गरिने पहलहरु

१. मानव अधिकार र बाल अधिकारको संरक्षण
२. "やさしい日本語 (सजिलो जापानी भाषा)"को प्रचारप्रसार र जागरुक गर्ने
३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्कृतिहरुको पारस्परिक समझदारीको वातावरण सिर्जना गर्ने पहलहरु

### मुख्य बुँदा २

**जानकारी आदानप्रदान सहयोग**

जापानी भाषा सिक्ने वातावरण सिर्जना गर्नुको साथसाथै जानकारीहरु आवश्यक परेको व्यक्ति सम्म आवश्यक जानकारी पुग्ने गरि जानकारी प्रसार गर्ने काम गर्नेछौं।

कार्यान्वयन गरिने पहलहरु

४. जापानी भाषा शिक्षाको लागि अवसरहरु सुनिश्चित गर्ने
५. सरकारी जानकारीको बहुभाषिकीकरण
६. जानकारी प्राप्त गर्नेहरुको दृष्टिकोणबाट बुझ्न सजिलो हुने गरि जानकारी प्रसार गर्ने

### मुख्य बुँदा ३

**सबैजना सक्रिय रुपमा सहभागि हुन सक्ने समुदायको निर्माण गर्ने**

समुदायमा बस्ने व्यक्तिहरुले एकअर्कालाई राम्ररी चिन्न तथा बुझ्न सक्ने गरि सम्बन्ध बनाएर स्वेच्छिक सामाजिक सहभागिता मार्फत सबैजना सक्रिय रुपमा सहभागि हुन सक्ने समुदायको लक्ष्य लिएका छौं।

कार्यान्वयन गरिने पहलहरु

७. सुरक्षित तथा ढुक्कको जीवनयापन सुनिश्चित गर्ने
८. बहुसांस्कृतिक सहजीवन तथा सहकार्यलाई अगाडि बढाउने व्यक्तिहरुको बौद्धिक विकास गर्ने
९. स्थानीय व्यक्तिहरुको सक्रिय सहभागिताको लागि अवसरहरु प्रदान गर्ने
१०. स्थानीय समुदायमा सहभागिता बढाउने वातावरण सिर्जना गर्ने

### मुख्य बुँदा ४

**बहुसांस्कृतिक सहजीवन तथा सहकार्य केन्द्रहरु बनाउने**

विदेशीहरूको लागि जापानी भाषा सिक्न सहयोग गर्ने र जीवनयापन सम्बन्धि परामर्श सेवा सञ्चालन गर्ने, समुदायको सहभागितालाई लक्षित गरी अन्तरक्रिया गर्ने कार्यक्रमहरु आयोजना गर्ने, विभिन्न संस्कृति र पृष्ठभूमिका स्थानीय बासिन्दाहरु भेला भएर अन्तरक्रिया गर्ने मिल्ने केन्द्र बनाउने छौं।

कार्यान्वयन गरिने पहलहरु

११. परामर्श सेवाका प्रकारहरुमा वृद्धि गर्ने
१२. जापानी भाषाको कक्षाहरुको विस्तार गर्ने
१३. आपसी अन्तरक्रियाको लागि ठाउँ हरु बनाउने